# नरैनापुर राजपत्र

खण्ड : ८ संख्या :१ नरैनापुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नरैनापुर, बाँके प्रकाशित मिति : २०८१/०४/०१

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नरैनापुर गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

भाग – ०१

नरैनापुर गाउँपालिका, बाँके

स्वीकृत मिति २०८१।०३।२०

## आर्थिक ऐन, २०८१

**प्रस्तावनाः**

नरैनापुर गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्ताव कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५७ को उपधारा (४) र धारा २८८ को उपधारा (२) बमोजिम नरैनापुर गाउँपालिकाको पन्ध्रौं गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “नरैनापुर गाउँपालिकाको आर्थिक ऐन २०८१” रहेको छ।

(२) यो ऐन २०८१ साल साउन १ गतेदेखि नरैनापुर गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति करः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुरुलाई एकीकृत रुपमा हिसाब गरी सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) उल्लेख भए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रास मूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

३. **भूमि कर (मालपोत)**: नरैनापुर गाउँपालिका क्षेत्रभित्र अनुसुचि (२) बमोजिमको भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) लगाइने छैन ।

४. **घर जग्गा बहाल कर**: (१) नरैनापुर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा वार्षिक वहाल रकममा वहाल कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने घरजग्गा बहाल करको दर अनुसूची (३) बमोजिमको वहाल कर लगाइने र असुल गरिनेछ ।

(३) उपदफा (१) बमोजिम लगाइने बहाल रकम निर्धारण गर्नको लागि गाउँपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्ररकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

(४) घरबहाल कर लिँदा कम्तीमा ३ महिनाको बहाल कर एकमुष्ट बुझाउनु पर्नेछ । कुनै बहालवालाको घरजग्गा बहाल छुट भई बहाल कर खारेजी गर्नुपरेमा सम्बन्धित वडाले स्थलगत निरिक्षण गरी मुचुल्का सहित खाली भएको एकिन भएमा कर रद्ध गर्न सकिने छ ।

५. **व्यवसाय कर**: (१) नरैनापुर गाउँपालिका क्षेत्रभित्र व्यापार , व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त व्यवसायीहरुले प्रत्येक आर्थिक वर्षमा वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची-४ मा तोकिए बमोजिम हुनेछ ।

(४)उपदफा (२) बमोजिमको इजाजत बिना नरैनापुर गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय, तथा सेवा संचालन गर्न पाइने छैन ।

(५) उपदफा (४) बमोजिम लिईने व्यवसाय करको दर अनुसूची-४ मा तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र वा अन्य कुनै पनि स्थानीय तहमा यस दफा बमोजिमको कर तिरेको निस्सा नभएमा ओसारपसार गर्दा समेत कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनाकस, कबाडी माल र प्रचलित कानुनले निशेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाद, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे बापत अनुसूची (५) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन करः** (१) नरैनापुर गाउँपालिका क्षेत्र भित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ। तर टाँगा, रिक्सा, अटोरिक्सा र विधुतीय रिक्सा तथा स्कुटरमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम नरैनापुर गाउँपालिकाले लगाउने भनी तोकिएको सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची-६ बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा लाग्ने कर लुम्बिनी प्रदेश विज्ञापन नियमावली, २०७६ बमोजिम हुनेछ ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा लुम्बिनी प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१०. **बहाल विटौरी कर** : देहाय बमोजिम क्षेत्रहरुमा अनुसूची-७ बमोजिम बहाल बिटौरी शुल्क लगाई असूल उपर गरिनेछ ।

(१) अव्यवस्थित रुपमा बसोबास गरेको सरकारी/सार्वजनिक/ऐलानी जग्गा ।

(२)गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका संरचनामा सञ्चालन हुने हाटबजार वा पसलमा बहाल विटौरी शुल्क लगाउनेछ ।

११. **सेवा शुल्क, दस्तुरः** (१) नरैनापुर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका स्थानीय पर्यटन लगायतको व्यवसायमा सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(२) नरैनापुर गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका संथानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याँकन सम्बन्धी सेवा,

(ख) गाउँपालिकाले प्रदान गर्ने सिफारिस सम्बन्धी कुनै सेवा

(३) दफा (१) र (२) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (८) मा उल्लेख भए बमोजिम हुनेछ ।

१२. **विक्री तथा निकासी शुल्कः** (१) नरैनापुर गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुँगा, गिट्टी, बालुवा, माटो, काठ-दाउरा, जराजुरी, स्लेट, आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ ।

(२) नरैनापुर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमा क्षेत्र भन्दा बाहिर निकासी हुने ढुँगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुरुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नरैनापुर गाउँपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (९) मा तोकिए बमोजिम हुनेछ ।

(४) नरैनापुर गाउँ कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु आवश्यकता अनुसार जिन्सी निरिक्षण गरी लिलाम विक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट गरिने छ ।

१३. **विविधः कार्यपालिकाले अन्यथा निर्णय गरेकोमा बाहेक** घाट उत्राहीमा लाग्ने कर अनुसूची (९)बमोजिम हुनेछ।

१४. **जरिवाना** :गाउँपालिका क्षेत्रभित्र प्रचलित कानुनको बर्खीलाप हुने गरी कार्य गर्नेलाई अनुसूची (८)बमोजिम जरिवाना हुनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन । गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कर नतिर्ने व्यक्ति तथा संस्थाको हकमा नागरिकता सिफारिस र व्यक्तिगत घटना दर्ता बाहेक गाउँपालिकाले प्रदान गर्ने अन्य सेवा सुविधाबाट बञ्चीत गरिनेछ।

१६. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्वस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

## अनुसूची-१

(ऐनको दफा २ सँग सम्बन्धित)

## सम्पत्ति कर

| सि.नं | संरचनाको विवरण | प्रति बर्गफिट मूल्यांकन | कैफियत |
|---|---|---|---|
| १ | आर.सि.सि फ्रेम स्ट्रक्चर | रु. १५००। | ✓ रु. १० लाख सम्म रु. १०० रु. १०लाख भन्दा बढी भए रु. १० प्रतिलाख |
| २ | पाको ईटा र ढलाई(सिमेन्ट वा माटोको जोडाई) | रु. १०००। | |
| ३ | काठको खम्बा, खर, खपटा, टिनको छानो | रु. १००। | |
| ४ | बारेको खरको छाना र माथि खुल्न नसकेका अन्य सबै | रु. ५०। | |

**संरचनाको ह्रास दर**

| संरचनाको किसिम →<br>संरचनाको आयु ↓ | आर.सि.सि फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १ - ३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३- ६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६- ९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९- १२ वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२- १५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५- १८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८- २१ बर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |
| २१- २४ वर्ष | ४८ | ७२ | ९० | ९० | ९० |
| २४- २७ वर्ष | ५४ | ८१ | ९० | ९० | ९० |
| २७- ३० वर्ष | ६० | ९० | ९० | ९० | ९० |
| ३०- ३३ वर्ष | ६६ | ९० | ९० | ९० | ९० |
| ३३- ३६ वर्ष | ७२ | ९० | ९० | ९० | ९० |
| ३६- ४० वर्ष | ७८ | ९० | ९० | ९० | ९० |
| ४०- ४३ वर्ष | ८४ | ९० | ९० | ९० | ९० |
| ४३- ४६ वर्ष | ९० | ९० | ९० | ९० | ९० |
| ४६ भन्दा माथि | ९० | ९० | ९० | ९० | ९० |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

## अनुसूची-२

(ऐनको  दफा ३ सँग सम्बन्धित)

भूमिकर (मालपोत) को दर

| साविक कटकूइयागा.वि.स.हाल नरैनापुर गाउँपालिका | | | |
|---|---|---|---|
| सि.नं | विवरण | न्यूनतम दर ( प्रति कट्ठा) | भूमि कर |
| १ | साविक कटकूइया गा.वि.स.को बघौडा सडकसँग जोडिएको जग्गा | ५,५०,०००।- | ✓ रु. १० लाख सम्मको लागी रु १००।<br>✓ रु.१० लाख भन्दा बढी भए रु १० प्रति लाख |
| २ | साविक कटकूइया गा.वि.स.को क्रम संख्या “क” मा पर्ने बाहेक अन्य पक्की सडकसँग जोडिएको जग्गा | ३,००,०००।- | |
| ३ | साविक कटकूइया गा.वि.स.को ग्राबेल बाटोसँग जोडिएको जग्गा | १,५०,०००।- | |
| ४ | साविक कटकूइया गा.वि.स.को कच्ची बाटोसँग जोडिएको जग्गा | १,१०,०००।- | |
| ५ | साविक कटकूइया गा.वि.स.को बाटो नभएको खेती योग्य जग्गा | १,००,०००।- | |
| साविक लक्ष्मणपुरको गा.वि.स. हाल नरैनापुर गाउँपालिका | | | |
| १ | साविक लक्ष्मणपुरको गा.वि.स.को हुलाकी राजमार्गसँग जोडिएको जग्गा | ६,५०,०००।- | |
| २ | साविक लक्ष्मणपुरको गा.वि.स. को ग्राविल बाटो सँग जोडिएको जग्गा | ३,५०,०००।- | |
| ३ | साविक लक्ष्मणपुरको गा.वि.स.को कच्ची बाटोको दायाँ बायाँ पर्ने जग्गा | २,००,०००।- | |
| ४ | साविक लक्ष्मणपुरको गा.वि.स.को बाटो नभएको खेती योग्य जग्गा | १,५०,०००।- | |
| साविक कालाफाँटा गा.वि.स. हाल नरैनापुर गाउँपालिका | | | |
| १ | साविक कालाफाँटा गा.वि.स.को राप्ती जाने हुलाकी राजमार्गमा पर्ने जग्गा | ५,५०,०००।- | |
| २ | साविक कालाफाँटा गा.वि.स.को क्रम संख्या क मा पर्ने बाहेकको पक्की सडक सँग जोडिएको जग्गा | ३,००,०००।- | |
| ३ | साविक कालाफाँटा गा.वि.स.को ग्राभेल बाटो सँग जोडिएको जग्गा | १,५०,०००।- | |
| ४ | साविक कालाफाँटा गा.वि.स.को कच्ची बाटो सँग जोडिएको जग्गा | १,१०,०००।- | |
| ५ | साविक कालाफाँटा गा.वि.स.को बाटो नभएको खेती योग्य जग्गा | १,००,०००।- | |
| साविक नरैनापुर गा.वि.स. हाल नरैनापुर  गाउँपालिका | | | |
| १ | साविक नरैनापुर गा.वि.स.को बघौडा सडक सँग जोडिएको जग्गा | ६,५०,०००।- | |
| २ | साविक नरैनापुर गा.वि.स.को क्रम संख्या क मा पर्ने बाहेकको अन्य पक्की **सडक सँग जोडिएको जग्गा** | ३,५०,०००।- | |
| ३ | साविक नरैनापुर गा.वि.स.को ग्राबेल बाटो सँग जोडिएको जग्गा | २,००,०००।- | |
| ४ | साविक नरैनापुर गा.वि.स.को कच्ची बाटो सँग जोडिएको जग्गा | १,५०,०००।- | |
| ५ | साविक नरैनापुर गा.वि.स.को बाटो नभएको खेती योग्य जग्गा | १,००,०००।- | |
| ६ | राप्ती नदी सँग जोडिएको जग्गा | २५,०००।- | |
| साविक मटेहिया गा.वि.स. हाल नरैनापुर गाउँपालिका | | | |
| सि.नं | विवरण | न्यूनतम दर प्रति कट्ठा | |
| १ | साविक मटेहिया गा.वि.स.को हुलाकी सडक सँग जोडीएको जग्गा | ५,५०,०००।- | |
| २ | साविक मटेहिया गा.वि.स.को क्रम संख्या क मा पर्ने बाहेकको अन्य | ३,००,०००।- | |

| | | | |
|---|---|---|---|
| | पक्की सडक सँग जोडिएको जग्गा | | |
| ३ | साविक मेटिहिया गा.वि.स.को ग्राभेल सडक सँग जोडिएको जग्गा | १,५०,०००।- | |
| ४ | साविक मटेहिया गा.वि.स.को कच्ची बाटोमा पर्ने जग्गा | १,००,०००।- | |
| ५ | साविक मटेहिया गा.वि.स.को बाटो नभएको खेती योग्य जग्गा | ९०,०००।- | |
| ६ | साविक मटेहिया गा.वि.स.को बाटो नभएको नदी किनारको खेती योग्य जग्गा | २५,०००।- | |
| **साविक गंगापुर गा.वि.स.को हाल नरैनापुर गाउँपालिका** | | | |
| १ | साविक गंगापुर गा.वि.स.को राप्ती जाने बाटो हुलाकी सडक सँग जोडिएको बाटो | ६,००,०००।- | |
| २ | साविक गंगापुर गा.वि.स.को क्रम संख्या क मा पर्ने बाहेक अन्य पक्की सडक सँग जोडिएको जग्गा | ३,००,०००।- | |
| ३ | साविक गंगापुर गा.वि.स.को ग्राबेल सडकसँग जोडिएको जग्गा | १,५०,०००।- | |
| ४ | साविक गंगापुर गा.वि.स.को कच्ची बाटो सँग जोडिएको जग्गा | १,१०,०००।- | |
| ५ | साविक गंगापुर गा.वि.स.को बाटो नभएको खेती योग्य जग्गा | १,००,०००।- | |

**नोट**: वि.सं.२०८० साल साउन १ भन्दा अगाडीको करको हकमा आ.व.८०।८१ कै मालपोत दर अनुसार हुन आउने कुल मालपोत रकममा २५ प्रतिशत जरिवाना रकम लाग्नेछ।

## अनुसूचि-३
### (ऐनको दफा ४ सँग सम्बन्धित)
### घर जग्गा बहाल कर

१. गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, गोदाम, भवन, पसल, टहरा, ग्यारेज, जग्गा, पोखरी, मेशिन औजार वा अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा बहाल दिएको मितिलाई आधार मानि बहाल अंकको १० प्रतिशतका दरले बहाल कर लगाउने।
२. संगठित व्यक्ति वा संस्थाले बहाल बुझाउँदा अग्रीम रुपमा स्रोतमा कर कट्टि गरी दाखिला गर्ने। कर अवधी गणना गर्दा दैनिक, मासिक वा बार्षिक अवधिलाई आधार मानिने।
३. करदाताले स्वयं घोषणा गरेको आधारमा बहाल कर निर्धारण गरिनेछ।

## अनुसूचि-४
(ऐनको दफा ५ को उपदफा (३) र (५) सँग सम्बन्धित)

### व्यवसाय करको दर तथा नवीकरण शुल्क

| क्र.सं | विवरण | रकम (रू.) |
|---|---|---|
| १ | सबै खालको खुद्रा पसल (सुर्ति, मदिरा, गुट्का बाहेक) | २०० |
| २ | किराना पसल (चामल, दाल, तरकारी, चिसो पेय पदार्थ समेत) | ३०० |
| ३ | सुर्ति, मदिरा, गुट्काको खुद्रा पसल | १००० |

| | | |
|---|---|---|
| ४ | सबै खालको होल सेल, डिलर, डिष्ट्रीव्युटर | १००० |
| ५ | कपाल काट्ने नाईको पसल, पान पसल तथा व्युटी पार्लर सेवा | २०० |
| ६ | कम्प्युटर टाइपिंग, फोटो कपी सेवा, पी.सी ओ. सेवा आदि | ३०० |
| ७ | इन्जिनियरिंग, लेखापरीक्षण, कानुन व्यवसायी लगायत सेवा व्यवसायहरु | ५०० |
| ८ | साना उद्योग | २००० |
| ९ | मझौला उद्योग | ४००० |
| १० | ठुला उद्योग | ६००० |
| ११ | सेलर मिल | १५०० |
| १३ | सहकारी संस्था दर्ता | १०००० |
| | नविकरण | ३००० |
| १४ | मेडिकल वा सर्जिकल पसल खुद्रा | १००० |
| | नविकरण | १००० |
| १५ | मेडिकल वा सर्जिकल पसल होलसेलर | ३००० |
| | नविकरण | १००० |
| १६ | सुर्ति उद्योग वा मदिरा उद्योग | १०००० |
| | नविकरण | ५००० |
| १७ | व्यवसाय दर्ता (गैर नेपालीको नाउँमा सम्वन्धित दुतावासको सिफारिशमा) | २००० |
| १८ | मेडिकल क्लीनिक दर्ता तथा सामुदायिक अस्पताल | १००० |
| | नविकरण | ५०० |
| १९ | व्यावसायिक अस्पताल तथा पोलिक्लिनिक | १०००० |
| | नविकरण | ५००० |
| २० | पेट्रोल पम्प | १०००० |
| | नविकरण | ००० |
| २१ | ईट्टा भट्टा<br>क) आधुनिक चिम्नी दर्ता | १०००० |
| | नविकरण | ५००० |
| | ख) भुस दर्ता | ५००० |

| | | |
|---|---|---|
| | नविकरण | १००० |
| २२ | केशर तथा हयुम पाईप उद्योग | १०००० |
| | नविकरण | ५००० |
| २३ | निजी विद्यालय प्राथमिक तहसम्म | ५००० |
| | नविकरण | ३००० |
| २४ | निजी विद्यालय माध्यमिक तहसम्म | १०००० |
| | नविकरण | ५००० |
| २५ | मन्दिर, मस्जिद, गुम्बा, चर्च आदी धार्मिक संस्था | १०० |
| | नविकरण | ५० |
| २६ | अन्य व्यवसाय(माथी उल्लेख भएदेखि बाहेक) | ५०० |
| | नविकरण | १०० |
| २७ | सुर्ती मदिरा गुट्खा बाहेक खुद्रा घुम्ती पसल | ५०० |
| २८ | गहना तथा सुन चाँदी पसल | २००० |
| २९ | एग्रोभेट पसल खुद्रा | ५००। |
| ३० | क्लिनिक ख श्रेणीलाई (रजिष्टर्ड डाक्टर नभएको) | २५००। |
| ३१ | सिलाई पसल | ३००। |
| ३२ | कस्मेटिक खुद्रा पसल | १०००। |
| ३३ | ईलेक्ट्रोनिक्स खुद्रा पसल | १०००। |
| ३४ | खुद्रा जुता तथा चप्पल पसल | १०००। |
| ३५ | मोटरसाईकल मर्मत | १०००। |
| ३६ | साईकल मर्मत पसल | ५००। |
| ३७ | प्लाष्टिक खुद्रा पसल | ५००। |
| ३८ | पुस्तक तथा स्टेसनरी खुद्रा पसल | ५००। |
| ३९ | गल्ला खरिद विक्रेता | २०००। |

| | | |
|---|---|---|
| ४० | हार्डवेयर पसल | २०००। |
| ४१ | सः मिल | ३०००। |
| ४२ | कुटानी पिसानी मिल | १५००। |

### अनुसूचि-५

### (ऐनको दफा ६ सँग सम्बन्धित)

### जडीबुटी, कवाडी र जीवजन्तु कर

| क्र.सं. | सवारी साधनको किसिम | दर प्रति .कि.ग्रा. (रकम रु.) |
|---|---|---|
| १ | कागजजन्य सामान | १। |
| २ | फलाम जन्य सामान | २। |
| ३ | स्टिलजन्य सामान | २। |
| ४ | अन्यका हकमा | २। |
| ५ | खसि बोका/ प्रति गोटा | १०। |
| ६ | राँगा भैंसी/ प्रति गोटा | २५। |

### अनुसूचि-६
### (ऐनको दफा ७ को उपदफा (२) सँग सम्बन्धित)
### सवारी साधन करको दर

| क्र.सं. | सवारी साधनको किसिम | दर(रकम रु.) |
|---|---|---|
| १ | ई रिक्सा | ३००। |
| २ | अटो रिक्सा | ५००। |
| ३ | विधुतीय स्कुटर | ६००। |

नोटः अटो रिक्सा तथा ई- रिक्साको दर्ता/नवीकरणका हकमा यस पालिकाबाट अटो रिक्सा तथा ई- रिक्सा व्यवस्थापन सम्बन्धी कार्यविधि बमोजिम रहनेछ ।

### अनुसूचि-७
(ऐनको दफा १० को उपदफा (१) सँग सम्बन्धित
### बहाल विटौरी शुल्कको दर

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १ | दफा ९ बमोजिमको जग्गामा प्रति कठ्ठा | रु.२००। |

| | | |
|---|---|---|
| २ | आफैले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा | मासिक प्रति वर्ग फुट ३ |

## अनुसूचि-८

(ऐनको दफा ११ को उपदफा (१) र (२) सँग सम्बन्धित)

गाउँपालिकाले  उपलब्ध गराउने स्थानीय पूर्वाधार तथा अन्य सेवामा सेवाग्राहीहरुबाट पटके रुपमा लिइने सेवा शुल्क तथा महसुल

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | नागरिकता सिफारिस वंशज | १२० |
| २ | अंगीकृत नागरिकता सिफारिश | २०० |
| ३ | नाता प्रमाणित | २०० |
| ४ | वैवाहिक नागरिकता | १७० |
| ५ | विपन्न विद्यार्थी सिफारिश | निःशुल्क |
| ६ | अपांग सिफारिश | निःशुल्क |
| ७ | छात्रबृति सिफारिश | १०० |
| ८ | सर्जमिन सिफारिस | ५०० |
| ९ | जग्गा नामसारी<br>क. १० कठ्ठासम्म | ५० |
| | ख. दश कठ्ठाभन्दा माथि प्रति कठ्ठा | १० |
| १०. | व्यवसाय दर्ता सिफारिश | ५०० |
| ११ | व्यवसाय नामसारी सिफारिश | २०० |
| १२ | व्यवसाय बन्द सिफारिश | ५०० |
| १३ | व्यवसाय संचालन नभएको सिफारिश (जति बर्ष भए पनि) | २०० |
| १४ | घर नक्सा पास सिफारिस | १००० |
| १५ | घर कायम सिफारिश | ५०० |
| १६ | मोही लगत कट्टा | ५०० |
| १७ | चार किल्ला प्रमाणित (प्रति घडेरी) | ५०० |
| १८ | चार किल्ला प्रमाणित (खेती योग्य जमीन) | २५० |

| | | |
|---|---|---|
| १९ | घर बाटो नभएको प्रमाणीत | १०० |
| २० | नाता प्रमाणित | १०० |
| २१ | व्यक्तिगत घटना दर्ता दस्तुर तथा विलम्ब शुल्क | संघीय ऐन बमोजिम |
| २२ | जन्म दर्ता शुल्र्क (३५ दिन भित्र निशुल्क) | संघीय ऐन बमोजिम |
| २३ | मृत्यु दर्ता(३५ दिन भित्र निशुल्क) | संघीय ऐन बमोजिम |
| २४ | विवाह दर्ता दस्तुर (३५ दिन नाघेमा) | संघीय ऐन बमोजिम |
| २५ | विदेश जानका लागि सिफारिस (सार्क मुलुकमा ) | ५०० |
| २६ | विदेश जानका लागी सिफारिस तेस्रो मुलुकमा | १००० |
| २७ | विदेशको लागि सिफारीस | १००० |
| २८ | नागरिकता प्रतिलिपी सिफारिस | २०० |
| २९ | पञ्जिकरण प्रतिलिपि | ५०० |
| ३० | नाम ,थर, जन्ममिति शंशोधन सिफारिस | ५०० |
| ३१ | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी आवासीय | २०० |
| ३२ | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी व्यवसायीक | ५०० |
| ३३ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित पहिलो कित्ता माग भएमा | २०० |
| ३४ | ट्रेस नक्सा प्रमाणित मात्र पहिलो कित्ता माग भएमा | ३०० |
| ३५ | ट्रेस नक्सा १ कित्ता भन्दा बढी भाग भएमा प्रति कित्ता थप | ५० |
| ३६ | कम्प्यूटर (English Type) सिफारिस | ५०० |
| ३७ | पेन्सन पट्टा सिफारिस (स्वदेशी संस्थामा) | ५०० |
| ३८ | पेन्सन पट्टा सिफारिस (विदेशी संस्थामा) | १००० |
| ३९ | औद्योगिक प्रयोजनको लागि ठूलो सर्जमिन दस्तुर | १००० |
| ४० | औद्योगिक प्रयोजनको लागि सानो सर्जमिन दस्तुर | ५०० |
| ४१ | व्यवसायिक प्रयोजनको लागि ठूलो सर्जमिन दस्तुर | २०० |
| ४२ | व्यवसायिक प्रयोजनको लागि सानो | १०० |

| | | |
|---|---|---|
| ४३ | स्थानीय ठेगाना प्रमाणित सिफारिस | १०० |
| ४४ | वडा सिफारिस दस्तुर | १०० |
| | निवेदन दस्तुर | २५ |
| ४५ | मिलापत्र दस्तुर | २०० |
| | न्यायीक समितिमा उजूरी, मुद्दा दर्ता तथा प्रति उतार दर्ता दस्तूर | १०० |
| ४६ | छुट जग्गा दर्ता सिफारिस प्रति कठ्ठा(घडेरी भएमा,एक कठठाको) | १०० |
| ४७ | छुट जग्गा दर्ता सिफारिस प्रति कटठा(खेती योग्य भएमा न्युनतम एक कटठाको) | ९० |
| ४८ | बकसपत्र सिफारिस | १५०० |
| ४९ | जग्गा सिमा विवादमा सिमांकन सेवा शुल्क | ३००० |
| ५० | फिल्ड रेखांकन पहिलो कित्ता | ३००० |
| ५१ | फिल्ड रेखांकन थप प्रतिकित्ता | ३००० |
| ५२ | कार्य अनुभव सिफारिश पत्र | ५०० |
| ५३ | नयाँ संस्था दर्ता सिफारिश | १००० |
| ५४ | नवीकरण सिफारिस | ५०० |
| ५५ | आय स्रोत प्रमाणित सिफारिस (आयको) | |
| | वार्षिक आय रु.१ लाखदेखि ३ लाखसम्मको | ५०० |
| | रु.३ लाखभन्दा बढीको वार्षिक आम्दानीको | १ प्रतिशत |
| ५६ | निजी विद्यालय अपग्रेड(स्तरोन्नती) सिफारिस | |
| ५७ | नि.मा.वि. सम्मको लागि | १०००० |
| ५८ | मा.वि. सम्मको लागि | २०००० |
| ५९ | प्राथमिक विद्यालय दर्ता सिफारिश | १००० |
| ६० | उद्योग स्थापना सिफारिस | ५०० |
| ६१ | उद्योग नामसारी तथा ठाउँसारी सिफारिस | ५०० |
| ६२ | घर जग्गा नामसारी सिफारिश दस्तुर<br>क) १० कठ्ठासम्म | ५० |
| | ख) १० कठ्ठाभन्दा माथि प्रति कठ्ठा | १० |
| ६३ | घरबाटो सिफारीस | ३५० |

| | | |
|---|---|---|
| | हुलाकी सडकसगैं जोडीएको जग्गाको हकमा १० कट्ठासम्म | |
| ६४ | क) १० (दश कट्ठा भन्दा माथि प्रतिकट्ठा ) | ४० |
| ६५ | ख)कुनैपनि सडकसँग नजोडिएको जग्गाको हकमा १० कठ्ठासम्म र १० कटठा भन्दा माथि रु.२० प्रति कटठा | १५० |
| ६६ | अन्य सडकसँग जोडिएको जग्गाको हकमा १० कट्ठासम्म र १० कटठा भन्दा माथिको हकमा रु.२५ प्रति कटठा | २०० |
| ६७ | घर जग्गाको मूल्यांकन<br>रु ५०,००० सम्मको | २५० |
| ६८ | रु ५०,००० भन्दा माथि | ०.२ प्रतिशत |
| ६९ | घरवास मिन्हा प्रमाणित दस्तुर | ३०० |
| ७० | कृषि फर्म दर्ता सिफारिश | १०० |
| ७१ | परीचय पत्र दस्तुर सीमा आवागमन | १५० |
| ७२ | भरुवा बन्दुक लाइसेन्स दस्तुर | २०० |
| | नविकरण | १०० |
| ७३ | कमजोर आर्थिक अवस्था सिफारिश | १०० |
| ७४ | बलियो आर्थिक अवस्था सिफारिश | १००० |
| ७५ | जडाबुटी निकासी सिफारिश २५ के.जी.सम्म<br>सो भन्दा बढी प्रति के.जी. | १००<br>३ |
| ७६ | मोहि नामसारी सिफारिस १० कठ्ठा सम्म | ५०० |
| ७७ | मोहि नामसारी १० कठ्ठा माथि | २०प्रति कठ्ठा |
| ७८ | बालुवा मोरंग निकासी प्रति टिप<br>ढुंगा निकासी ठेक्का भएको खोला,नालाबाट | ५०<br>१०० |
| ७९ | फाराम शुल्क सबै प्रकारको | १०० |
| ८० | नक्सा पास निवेदन फाराम | १००० |
| ८१ | अन्य सिफारीश | १६० |
| ८२ | गै.स.स. दर्ता सिफारिस | १०००० |
| ८३ | गै.स.स.नविकरण सिफारिस | ५००० |
| ८४ | निर्माण व्यवसायी “घ” वर्ग ईजाजत दस्तुर (पहिलो पटकका लागि) | १५००० |

| | | |
|---|---|---|
| ८५ | निर्माण व्यवसायी "घ" वर्ग ईजाजत म्याद थप | १०००० |
| ८६ | ओडिएफ कार्ड /शिक्षा तथा सरसफाई कार्ड नविकरण दस्तुर | ५० |
| ८७ | ऐलानी जग्गा सिफारिस | १५० |
| ८६ | नक्सापास दस्तुर | रु.१२ प्रति बर्गफिट |
| ८७ | गाउँपालिकामा दर्ता अभिलेखिकरण रहेको व्यवसाय/फर्म/उद्योग सूची दर्ता दस्तुर | १०० |
| ८८ | गाउँपालिकामा दर्ता नरहेको व्यवसाय/फर्म/उद्योग सूची दर्ता दस्तुर | ५०० |
| ८९ | डेरी उद्योग | १०००। |

## अनुसूचि-९

(ऐनको दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**विक्री तथा निकासी शुल्क दस्तुरको दर**

| क.सं. | विक्री तथा निकासी हुने वस्तु | दर |
|---|---|---|
| १ | प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री | |
| | बालुवा | प्रति ट्रीप रु.१५०। |
| | माटो | प्रति ट्रीप रु.१५०। |
| | काठ दाउरा | प्रति ट्रीप रु. ५००। |
| २ | आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री | |
| | बालुवा | प्रति ट्रीप रु. २००। |
| | माटो | प्रति ट्रीप रु. २००। |

## अनुसूचि-१०
### जरिवाना

गाउँपालिका क्षेत्रभित्र प्रचलित कानुनको बर्खीलाप हुने गरी कार्य गर्नेलाई देहाय बमोजिम जरिवाना हुनेछ ।

१.राँगा भैसी छरुवा/छाडा छाडेमा धनी वा हकवालाबाट पटकैपिच्छे प्रत्येकको रु.५०० सयका दरले जरिवाना गर्ने ।

२.गाई गोरु छरुवा/छाडा छाडेमा धनी वा हकवालाबाट पटकैपिच्छे प्रत्येकको रु.२०० सयका दरले जरिवाना गर्ने ।

३. बाख्रा भेडा छरुवा/छाडा धनी वा हकवालाबाट पटकैपिच्छे प्रत्येकको रु.२०० सयका दरले जरिवाना गर्ने ।

४.अनधिकृत रुपमा ढुंगा गिट्टि र बालुवा उत्खनन वा ओसारपसार गरेमा पटकैपच्छि प्रति ट्रिप रु.१० हजार जरिवाना गर्ने ।

५.प्लटिङ अनुमति पाई प्लटिङ गरिराखेको बाहेक खेतीयोग्य जग्गामा खेती नगरी सालभरी जग्गा बाँझो राखेमा सम्बन्धीत जग्गा धनिबाट त्यसमा लाग्ने बार्षिक मालपोतको २५ प्रतिशत जरिवाना गर्ने ।

**६.** यस सम्बन्धमा कार्यपालिकाले निर्णय गरेबमोजिम गर्न सकिने ।

६. शौचालय बाहिर दिसा गरेमा पटकै पिच्छे रु.५० जरिवाना गर्ने र शौचालय नबनाई अटेर गर्नेलाई गाउँपालिकाले दिने सेवा सुविधा कटौती गर्ने ।

७. विद्यालयमा बालबालिकालाई पढन नपठाउनेलाई प्रति बालबालिका रु.५० प्रतिदिन जरिवाना गरी गाउँपालिकाले दिने सेवा सुविधा कटौती गर्ने । यसको लागि शिक्षा तथा सरसफाई दूतलाई अधिकार दिने । गरिबीको कारण बालबालिकालाई बिद्यालय पठाउन नसकेको हकमा गाउँपालीकाले विशेष व्यवस्था गर्ने ।

८.गाउँपालिकाले बनाएको वा अन्य सार्वजनिक संरचना कसैले बिगारेमा वा नष्ट गरेमा वा चोरि गरेमा सो भएको क्षति बापत बिगो बमोजिमको दोब्बर रकम जरिवाना गरी मालबस्तु जफत गरि अन्य प्रचलित कानुन बमोजिम समेत कारबाई चलाईनेछ ।

## अनुसूचि-९
### विविध

घाट उत्राही ठेक्कामा लाग्ने कर

| सिनं. | विवरण | इकाई | ०८१/८२ को लागि दर (मूल्य अभिवृद्धि कर बाहेक) |
|---|---|---|---|
| १ | मानिस | प्रति एकको | १० |
| २ | चौपाया | प्रति एकको | ५ |
| ३ | जीप, कार | प्रति एकको | ८० |
| ४ | साइकल | प्रति एकको | ५ |
| ५ | बाख्रा, बाख्री, भेडा, भेडी | प्रति एकको | ५ |
| ६ | टांगा, लडिया खाली | प्रति एकको | २० |

| | | | |
|---|---|---|---|
| ७ | टांगा, लडिया भर्ती | प्रति एकको | ३० |
| ८ | डनलप गाडा खाली | प्रति एकको | २० |
| ९ | डनलप गाडा भर्ती | प्रति एकको | ३० |
| १० | मोटर साइकल | प्रति एकको | २० |
| ११ | ट्र्याक्टर खाली | प्रति एकको | ५० |
| १२ | ट्र्याक्टर भर्ती | प्रति एकको | १०० |
| १३ | सम्बन्धित अन्य विषय कार्यपालिका बैठकले निर्धारण गरेबमोजिम हुने । | | |

**आज्ञाले,**
**जनकलाल चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**